देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८३/८४ को पहिलो महिना (२०८३ साउन) को तथ्याङ्कमा आधारित

प्रमुख झलक

- वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ५.९६ प्रतिशत रहेको छ ।
- कुल विदेशी विनिमय सञ्चिति रु.३९४६ अर्ब २३ करोड रहेको छ । अमेरिकी डलरमा उक्त सञ्चिति २५ अर्ब ८४ करोड पुगेको छ । यस्तो सञ्चिति १८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।
- चालु खाता रु.९४ अर्ब ५९ करोड र शोधनान्तर रु.९० अर्ब ३४ करोड बचतमा रहेको छ ।
- विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २१.२ प्रतिशतले र अमेरिकी डलरमा १०.२ प्रतिशतले बढेको छ । चालु आर्थिक वर्षको साउन महिनाको विप्रेषण आप्रवाह रु.२१५ अर्ब ५ करोड रहेको छ ।
- निर्यात ६१.७ प्रतिशतले र आयात ३१.० प्रतिशतले बढेको छ ।
- नेपाल सरकारको खर्च रु.४१ अर्ब ८९ करोड र राजस्व परिचालन रु.९२ अर्ब २३ करोड रहको छ ।
- विस्तृत मुद्राप्रदाय ०.४ प्रतिशतले घटेको छ । वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १३.८ प्रतिशतले बढेको छ ।
- बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ०.३ प्रतिशतले घटेको छ भने निजी क्षेत्रमा प्रवाहित कर्जा ०.४ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४.५ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ७.० प्रतिशत रहेको छ ।
- बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दर २.७५ प्रतिशत रहेको छ ।
- वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.१५ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ६.४८ प्रतिशत रहेको छ ।

नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग


२०८३ असोज २

मुद्रास्फीति

उपभोक्ता मुद्रास्फीति

१. २०८३ साउन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.९६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १.६८ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.७७ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.५२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.२८ प्रतिशतले ऋणात्मक रहेको थियो भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९५ प्रतिशत रहेको थियो ।

चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति



२. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १५.६२ प्रतिशत, फलफूलको १५.३९ प्रतिशत, माछा तथा मासुको ८.६५ प्रतिशत, तरकारीको ६.९० प्रतिशत र मरमसलाको ४.८० प्रतिशतले बढेको छ ।

३. गैर-खाद्य तथा सेवा समूहअन्तर्गत यातायातको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १३.१७ प्रतिशत, मदिराजन्य पेय पदार्थको ७.२० प्रतिशत, कपडा तथा जुत्ताचप्पलको ५.५२ र सुर्तीजन्य पदार्थको ४.९७ प्रतिशतले बढेको छ ।

४. समीक्षा अवधिमा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ६.१८ प्रतिशतले र सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ५.८८ प्रतिशतले बढेको छ ।

तालिका १ : वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति
(प्रतिशत)

विवरण	भाराङ्क	२०८२ साउन	२०८३ जेठ	२०८३ साउन
समग्र मुद्रास्फीति	**१००**	**१.६८**	**५.१४**	**५.९६**
खाद्य तथा पेय पदार्थ	३५.४९	-२.२८	५.२५	६.७७
गैर-खाद्य तथा सेवा	६४.५१	३.९५	५.०८	५.५२

५. समीक्षा अवधिमा प्रदेशगत आधारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति सवैभन्दा बढी मधेश प्रदेशको ६.९४ प्रतिशत र सवैभन्दा कम सुदूरपश्चिम प्रदेशको ४.६१ प्रतिशत रहेको छ ।

६. समीक्षा अवधिमा काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.८१ प्रतिशत, तराईको ६.६४ प्रतिशत, पहाडको ५.९५ प्रतिशत र हिमालको ५.१० प्रतिशत रहेको छ ।

थोक मुद्रास्फीति

७. २०८३ साउन महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति ८.२७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति २.३७ प्रतिशत रहेको थियो ।

८. समीक्षा अवधिमा उपभोग्य वस्तुको वार्षिक विन्दुगत थोक मुद्रास्फीति ०.०५ प्रतिशतले ऋणात्मक रहेको छ भने मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको वार्षिक विन्दुगत थोक मुद्रास्फीति क्रमशः १३.६२ प्रतिशत र ६.४५ प्रतिशत रहेको छ। समीक्षा महिनामा निर्माण सामग्रीको वार्षिक विन्दुगत थोक मुद्रास्फीति ४.८९ प्रतिशतले बढेको छ।

नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

९. २०८३ साउन महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.९६ प्रतिशत रहेको छ। सन् २०२६ अगस्ट महिनामा भारतमा यस्तो मुद्रास्फीति ४.८२ प्रतिशत रहेको छ।


बाह्य क्षेत्र

वैदेशिक व्यापार

वैदेशिक व्यापार

१०. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा कुल वस्तु निर्यात ६१.७ प्रतिशतले वृद्धि भई रु.३८ अर्ब ७० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ९५.७ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत, चीन र अन्य मुलुकतर्फको निर्यात क्रमशः ७१.० प्रतिशत, २८७.८ प्रतिशत र १८.१ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा भटमासको तेल, पाम तेल, पोलिष्टर धागो, जुटका सामान, पार्टिकल बोर्डलगायतका वस्तुको निर्यात बढेको छ भने औषधी (आयुर्वेदिक), प्रशोधित छाला, खोटो, जडीबुटी, नेपाली कागज तथा त्यसबाट निर्मित वस्तुलगायतका वस्तुको निर्यात घटेको छ।

चार्ट २: वैदेशिक व्यापार (पहिलो महिना)



११. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा कुल वस्तु आयात ३१.० प्रतिशतले वृद्धि भई रु.१८७ अर्ब ४४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ११.४ प्रतिशतले वृद्धि भएको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः २२.६ प्रतिशत, १३.४ प्रतिशत र ६९.० प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, रासायनिक मल, खाने तेल, तेलहन, कच्चा भटमासको तेललगायतका वस्तुको आयात बढेको छ भने धान तथा चामल, सुन, अलकत्रा, कोइला, मेडिकलका सामान तथा पार्टपुर्जालगायतका वस्तुको आयात घटेको छ।

१२. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा कुल वस्तु व्यापार घाटा २४.९ प्रतिशतले वृद्धि भई रु.१४८ अर्ब ७४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा २.५ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात २०.६ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १६.७ प्रतिशत रहेको थियो।

१३. समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.१६ अर्ब ८१ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु.१३ अर्ब ४३ करोड बराबरको भएको थियो।

वैदेशिक व्यापारको संरचना

१४. बृहत् आर्थिक वर्गीकरणअनुसार समीक्षा अवधिमा भएको कुल निर्यातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ७१.६ प्रतिशत, २८.४ प्रतिशत र ०.१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भएको कुल निर्यातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ६९.१ प्रतिशत, २९.९ प्रतिशत र १.० प्रतिशत रहेको थियो।

१५. समीक्षा अवधिमा भएको कुल आयातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ३८.३ प्रतिशत, ५२.७ प्रतिशत र ९.० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरू क्रमशः ३६.२ प्रतिशत, ५६.२ प्रतिशत र ७.६ प्रतिशत रहेको थियो।

निर्यात-आयात मूल्य सूचकाङ्क

१६. वार्षिक विन्दुगत आधारमा २०८३ साउन महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्कमा (Unit Value Index) ६.५ प्रतिशतले वृद्धि भएको छ भने आयात मूल्य सूचकाङ्कमा १४.५ प्रतिशतले वृद्धि भएको छ। २०८३ साउन महिनामा व्यापारको सर्त (Terms of Trade) ७.० प्रतिशतले घटेको छ।

सेवा

१७. समीक्षा अवधिमा खुद सेवा आय रु.१० अर्ब ८२ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.१३ अर्ब २४ करोडले घाटामा रहेको थियो।

१८. सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय वृद्धि भई रु.५ अर्ब ४३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.५ अर्ब ४१ करोड रहेको थियो।

तालिका २: शोधनान्तर सम्बन्धी केही परिसूचकहरू (पहिलो महिना)

विवरण	रकम (रु.अर्बमा)		प्रतिशत परिवर्तन	
	२०८२/८३स	२०८३/८४अ	२०८२/८३स	२०८३/८४अ
भ्रमण आय	५.४१	५.४३	१४.०	०.४
भ्रमण व्यय	२१.७०	१५.९२	-२.८	-२६.६
विप्रेषण आप्रवाह	१७७.४१	२१५.०५	२९.९	२१.२
प्रत्यक्ष लगानी आप्रवाह (ईक्विटि मात्र)	०.६९	१.०१	-१३.५	४५.६

सं-संशोधित अ-अनुमानित

१९. समीक्षा अवधिमा सेवा खाताअन्तर्गत भ्रमण व्यय २६.६ प्रतिशतले कमी भई रु.१५ अर्ब ९२ करोड कायम भएको छ। यसमध्ये शिक्षातर्फको व्यय रु.१० अर्ब ८० करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.२१ अर्ब ७० करोड रहेकोमा शिक्षातर्फको व्यय रु.१४ अर्ब ३१ करोड रहेको थियो।

विप्रेषण आप्रवाह

२०. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा विप्रेषण आप्रवाह २१.२ प्रतिशतले वृद्धि भई रु.२१५ अर्ब ५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २९.९ प्रतिशतले बढेको थियो।

२१. समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १०.२ प्रतिशतले वृद्धि भई १ अर्ब ४० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह २५.० प्रतिशतले बढेको थियो।

२२. समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु. २२९ अर्ब ९८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.१९३ अर्ब ८५ करोड रहेको थियो।

२३. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या ४२,६९३ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या २७,७४८ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः ४४,४६६ र २३,६४४ रहेको थियो।

चालु खाता एवम् शोधनान्तर स्थिति

२४. समीक्षा अवधिमा चालु खाता रु.९४ अर्ब ५९ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.७८ अर्ब २९ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ५६ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा ६२ करोडले बचतमा रहेको छ।


२५. समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर रु.६३ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर रु.१ अर्ब ४ करोड रहेको थियो। यसैगरी, समीक्षा अवधिमा रु.१ अर्ब १ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु.६९ करोड रहेको थियो।

२६. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.९० अर्ब ३४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.८९ अर्ब ३० करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ६४ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ५९ करोडले बचतमा रहेको छ।

कुल विदेशी विनिमय सञ्चिति

२७. २०८३ असार मसान्तमा रु.३८९७ अर्ब ६७ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १.२ प्रतिशतले वृद्धि भई २०८३ साउन मसान्तमा रु.३९४६ अर्ब २३ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०८३ असार मसान्तमा २५ अर्ब ३१ करोड रहेकोमा २०८३ साउन मसान्तमा २.१ प्रतिशतले वृद्धि भई २५ अर्ब ८४ करोड पुगेको छ।

चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति
(साउन मसान्त)



२८. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८३ असार मसान्तमा रु.३४७३ अर्ब १९ करोड रहेकोमा २०८३ साउन मसान्तमा १.३ प्रतिशतले वृद्धि भई रु.३५१७ अर्ब ९९ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८३ असार मसान्तमा रु.४२४ अर्ब ४८ करोड रहेकोमा २०८३ साउन मसान्तमा ०.९ प्रतिशतले वृद्धि भई रु.४२८ अर्ब २२ करोड कायम भएको छ। २०८३ साउन मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१.८ प्रतिशत रहेको छ।

सञ्चिति पर्याप्तता सूचक

२९. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २१.८ महिनाको वस्तु आयात र १८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। २०८३ साउन मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ५९.८ प्रतिशत, १५७.० प्रतिशत र ४४.५ प्रतिशत रहेका छन्। २०८३ असार मसान्तमा उक्त अनुपातहरू क्रमशः ५९.१ प्रतिशत, १६३.४ प्रतिशत र ४३.८ प्रतिशत रहेका थिए।

कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

३०. अन्तर्राष्ट्रिय बजारमा २०८२ साउन मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ६७.३० रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०८३ साउन मसान्तमा ३६.७ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ९२.०२ कायम भएको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०८२ साउन मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर ३३३५.५० रहेकोमा २०८३ साउन मसान्तमा ३१.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ४३९०.७० पुगेको छ ।

विनिमय दर

३१. २०८३ असार मसान्तको तुलनामा २०८३ साउन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ०.९ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ २.० प्रतिशतले अवमूल्यन भएको थियो । २०८३ साउन मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१५२.३९ पुगेको छ । २०८३ असार मसान्तमा उक्त विनिमय दर रु.१५३.७२ रहेको थियो ।

सरकारी वित्त स्थिति

खर्च तथा राजस्व

३२. नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा नेपाल सरकारको कुल खर्च रु.४१ अर्ब ८९ करोड रहेको छ । समीक्षा अवधिमा चालु खर्च रु.२१ अर्ब ४० करोड, पुँजीगत खर्च रु.१ अर्ब ३३ करोड र वित्तीय व्यवस्था खर्च रु.१९ अर्ब १५ करोड रहेको छ ।

तालिका ३: सरकारी खर्च तथा राजस्व (पहिलो महिना)


विवरण	रकम (रु.अर्बमा)			प्रतिशत परिवर्तन	
	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८२/८३	२०८३/८४
कुल खर्च	**४०.२१**	**४६.३१**	**४१.८९**	**१५.२**	**-९.५**
चालु खर्च	*१२.३८*	*१८.४८*	*२१.४०*	*४९.२*	*१५.८*
पुँजीगत खर्च	*८.५५*	*०.७३*	*१.३३*	*-९१.५*	*८२.९*
वित्तीय व्यवस्था	*१९.२७*	*२७.१०*	*१९.१५*	*४०.६*	*-२९.३*
राजस्व परिचालन	**९४.७४**	**८४.४७**	**९२.२३**	**-१०.८**	**९.२**
कर राजस्व	*७७.४१*	*८०.६७*	*८५.१९*	*४.२*	*५.६*
गैर-कर राजस्व	*१७.३३*	*३.८०*	*७.०३*	*-७८.१*	*८५.४*

स्रोत : महालेखा नियन्त्रक कार्यालय

३३. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.९२ अर्ब २३ करोड पुगेको छ । यस अन्तर्गत कर राजस्व रु.८५ अर्ब १९ करोड र गैर कर राजस्व रु.७ अर्ब ३ करोड परिचालन भएको छ (तालिका ३) ।

सरकारी राजस्वको संरचना

३४. समीक्षा अवधिमा कुल राजस्वमा अप्रत्यक्ष करको अंश ६८.१ प्रतिशत, प्रत्यक्ष करको अंश २३.३ प्रतिशत, गैर-कर राजस्वको अंश ७.५ प्रतिशत र अन्य प्राप्तिको अंश १.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा अप्रत्यक्ष कर र प्रत्यक्ष करको अंश घटेको छ भने गैर-कर राजस्व र अन्य प्राप्तिको अंश बढेको छ (चार्ट ४) ।



नेपाल सरकारको नगद मौज्दात

३५. २०८३ साउन मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.३६१ अर्ब ८१ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ। २०८३ असार मसान्तमा यस्तो मौज्दात रु.२७७ अर्ब ४६ करोड रहेको थियो।

प्रदेश सरकार

खर्च तथा राजस्व

३६. समीक्षा अवधिमा प्रदेश सरकारहरूको कुल खर्च रु.१ करोड ४० लाख र स्रोत परिचालन रु.७ अर्ब ४३ करोड रहेको छ। प्रदेश सरकारहरुको कुल स्रोत परिचालनमध्ये संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण (राजस्व बाँडफाँट समेत) गरी रु.३ अर्ब ८३ करोड रहेको छ र प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त राजस्व र अन्य प्राप्ति गरी रु.२ अर्ब ८३ करोड रहेको छ।


मौद्रिक स्थिति

मुद्राप्रदाय

३७. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय ०.४ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.७ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ साउन मसान्तमा विस्तृत मुद्राप्रदाय १३.८ प्रतिशतले बढेको छ।

३८. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.९० अर्ब ३४ करोड (२.३ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.८९ अर्ब ३० करोड (३.४ प्रतिशत) ले बढेको थियो।

चार्ट ५ : मुद्राप्रदायको वृद्धिदर (साउन)
(वार्षिक बिन्दुगत)



३९. समीक्षा अवधिमा सञ्चित मुद्रा १.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ५.६ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ साउन मसान्तमा सञ्चित मुद्रा १३.६ प्रतिशतले बढेको छ।

मौद्रिक क्षेत्रको आन्तरिक दाबी

४०. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा कुल आन्तरिक दाबी १.२ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी १.६ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ साउन मसान्तमा यस्तो दाबी २.५ प्रतिशतले बढेको छ।

४१. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दाबी १३ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी १०.१ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ साउन मसान्तमा यस्तो दाबी २७.५ प्रतिशतले घटेको छ।

४२. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ०.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी ०.२ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ साउन मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ७.१ प्रतिशतले बढेको छ।

निक्षेप परिचालन

४३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ०.३ प्रतिशत (रु.२० अर्ब ७१ करोड) ले घटी रु.८२५६ अर्ब २१ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ०.८ प्रतिशत (रु.५५ अर्ब ७९ करोड) ले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १४.५ प्रतिशतले बढेको छ।

तालिका ४: बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेपको अंश (प्रतिशतमा)


निक्षेप	असार मसान्त		साउन मसान्त	
	२०८२	२०८३	२०८२	२०८३
चल्ती	७.१	८.१	५.६	७.३
बचत	३६.८	४७.०	३७.५	४७.६
मुद्दती	४८.३	३५.३	४८.४	३५.६
अन्य	७.८	९.५	८.५	९.५

४४. २०८३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ७.३ प्रतिशत, ४७.६ प्रतिशत र ३५.६ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो अंश क्रमशः ५.६ प्रतिशत, ३७.५ प्रतिशत र ४८.४ प्रतिशत रहेको थियो (तालिका ४)।

४५. २०८३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३३.३ प्रतिशत रहेको छ। २०८२ साउन मसान्तमा यस्तो निक्षेपको अंश ३५.१ प्रतिशत रहेको थियो।

कर्जा प्रवाह

४६. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ०.४ प्रतिशत (रु.२३ अर्ब ५८ करोड) ले वृद्धि भई रु.५८८० अर्ब ६४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.१ प्रतिशत (रु.२ अर्ब ९३ करोड) ले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.० प्रतिशतले बढेको छ।



४७. २०८३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६२.३ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३७.७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो अंश क्रमशः ६२.७ प्रतिशत र ३७.३ प्रतिशत रहेको थियो।

४८. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको ०.५ प्रतिशत र वित्त कम्पनीहरूको ०.१ प्रतिशतले बढेको छ भने विकास बैंकहरूको ०.३ प्रतिशतले घटेको छ।

४९. २०८३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को सुरक्षणमा १५.३ प्रतिशत रहेको छ भने घरजग्गा धितो सुरक्षणमा ६३.० प्रतिशत रहेको छ। २०८२ साउन मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अंश क्रमशः १४.८ प्रतिशत र ६४.४ प्रतिशत रहेको थियो।

५०. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये खनिज क्षेत्रतर्फ ३.७ प्रतिशत, धातुजन्य उत्पादन, यन्त्र र विद्युतीय सामान उत्पादन तथा मर्मत क्षेत्रतर्फ ३.० प्रतिशत, निर्माण क्षेत्रतर्फ २.१ प्रतिशत, सेवा उद्योग क्षेत्रतर्फ १.८ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फ १.२ प्रतिशत, यातायात उपकरण उत्पादन तथा मर्मत क्षेत्रतर्फ ०.८ प्रतिशत, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फ ०.३ प्रतिशत र औद्योगिक उत्पादन क्षेत्रतर्फ ०.३ प्रतिशतले बढेको छ भने वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रतर्फ ५.१ प्रतिशत, कृषि क्षेत्रतर्फ ०.९ प्रतिशत र उपभोग्य क्षेत्रतर्फ ०.६ प्रतिशतले घटेको छ ।

५१. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा १.५ प्रतिशत, ट्रष्ट रिसिट (आयात) कर्जा १.० प्रतिशत, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ०.७ प्रतिशत र हायर पर्चेज कर्जा ०.१ प्रतिशतले बढेको छ भने विपन्न वर्ग कर्जा ७.३ प्रतिशत, अधिविकर्ष कर्जा २.६ प्रतिशत, क्यास क्रेडिट कर्जा १.१ प्रतिशत र माग तथा अन्य चालु पुँजी कर्जा ०.५ प्रतिशतले घटेको छ ।

तरलता व्यवस्थापन

५२. समीक्षा अवधिमा निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.३७९ अर्ब ५० करोड र स्थायी निक्षेप सुविधामार्फत रु.१८९३ अर्ब ८० करोड गरी कुल रु.२२७३ अर्ब ३० करोड बराबरको तरलता प्रशोचन (कारोबारमा आधारित) भएको छ । अघिल्लो वर्षको सोही अवधिमा मौद्रिक व्यवस्थापनका विभिन्न उपकरणहरूमार्फत पटक-पटक गरी रु.३६३८ अर्ब ३५ करोड तरलता प्रशोचन गरिएको थियो । २०८३ साउन मसान्तमा निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.८६५ अर्ब ८० करोड र नेपाल राष्ट्र बैंक ऋणपत्रमार्फत रु.४०० अर्ब गरी कुल रु.१२६५ अर्ब ८० करोड तरलता प्रशोचनको बक्यौता रकम रहेको छ ।

५३. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ६६ करोड ५८ लाख खुद खरिद गरी रु.१०१ अर्ब ८७ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ५५ करोड ४२ लाख खुद खरिद गरी रु.७७ अर्ब ५२ करोड तरलता प्रवाह गरेको थियो ।

५४. समीक्षा अवधिमा अमेरिकी डलर २६ करोड बिक्री गरी रु.३९ अर्ब ९० करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २० करोड बिक्री गरी रु.२८ अर्ब ६ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

अन्तरबैंक कारोबार

५५. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा वाणिज्य बैंकहरूको रु.१२० अर्ब ५० करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) को रु.६ अर्ब ७८ करोड गरी कुल रु.१२७ अर्ब २८ करोडको अन्तरबैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूको रु.८७ अर्ब ४९ करोड र अन्य वित्तीय संस्थाहरूको रु.७ अर्ब ४५ करोड गरी कुल रु.९४ अर्ब ९४ करोडको अन्तरबैंक कारोबार भएको थियो ।

ब्याजदर

५६. बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दर २०८२ साउन मसान्तमा २.७५ प्रतिशत रहेकोमा २०८३ साउन मसान्तमा पनि २.७५ प्रतिशत रहेको छ (तालिका ५) ।

५७. २०८३ साउन मसान्तमा वाणिज्य बैंकहरूको औसत आधार दर ४.७२ प्रतिशत, विकास बैंकहरूको ६.१४ प्रतिशत र वित्त कम्पनीहरूको ६.९५ प्रतिशत रहेको छ। २०८२ साउन मसान्तमा वाणिज्य बैंकहरूको औसत आधार दर ५.७८ प्रतिशत, विकास बैंकहरूको ७.२८ प्रतिशत र वित्त कम्पनीहरूको ८.८७ प्रतिशत रहेको थियो (तालिका ५)।

५८. २०८३ साउन मसान्तमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.१५ प्रतिशत, विकास बैंकहरूको ३.५१ प्रतिशत र वित्त कम्पनीहरूको ४.१८ प्रतिशत रहेको छ। २०८२ साउन मसान्तमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ४.०२ प्रतिशत, विकास बैंकहरूको ४.६७ प्रतिशत र वित्त कम्पनीहरूको ५.८५ प्रतिशत रहेको थियो । त्यसैगरी, २०८३ साउन मसान्तमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ६.४८ प्रतिशत, विकास बैंकहरूको ७.७० प्रतिशत र वित्त कम्पनीहरूको ८.५२ प्रतिशत रहेको छ । २०८२ साउन मसान्तमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ७.७६ प्रतिशत, विकास बैंकहरूको ९.०९ प्रतिशत र वित्त कम्पनीहरूको ९.९८ प्रतिशत रहेको थियो ।

तालिका ५: भारित औसत ब्याजदर (प्रतिशत)

शीर्षक	२०८२ साउन	२०८३ साउन
९१-दिने ट्रेजरी बिल	२.६५	-
अन्तरबैंक दर	२.७५	२.७५
औसत आधार दर		
वाणिज्य बैंक	५.७८	४.७२
विकास बैंक	७.२८	६.१४
वित्त कम्पनी	८.८७	६.९५
निक्षेपको ब्याजदर		
वाणिज्य बैंक	४.०२	३.१५
विकास बैंक	४.६७	३.५१
वित्त कम्पनी	५.८५	४.१८
कर्जाको ब्याजदर		
वाणिज्य बैंक	७.७६	६.४८
विकास बैंक	९.०९	७.७०
वित्त कम्पनी	९.९८	८.५२

वित्तीय पहुँच

५९. २०८३ साउन मसान्तमा २० वाणिज्य बैंक, १७ विकास बैंक, १६ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी जम्मा १०५ वटा बैंक तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन्। २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरू (लघुवित्त वित्तीय संस्थासमेत) को शाखा सङ्ख्या ११,३३२ रहेकोमा २०८३ साउन मसान्तमा ११,३२९ रहेको छ (तालिका ६)।

तालिका ६: बैंक तथा वित्तीय संस्थाको सङ्ख्या तथा शाखा सङ्ख्या*

बैंक तथा वित्तीय संस्था	बैंक तथा वित्तीय संस्थाको सङ्ख्या			बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या		
	२०८२ असार मसान्त	२०८३ असार मसान्त	२०८३ साउन मसान्त	२०८२ असार मसान्त	२०८३ असार मसान्त	२०८३ साउन मसान्त
वाणिज्य बैंक	२०	२०	२०	५०९९	४९४१	४९३७
विकास बैंक	१७	१७	१७	११३२	१११२	१११२
वित्त कम्पनी	१७	१६	१६	२९१	२९४	२९४
लघुवित्त वित्तीय संस्था	५२	५१	५१	५००४	४९८५	४९८६
पूर्वाधार विकास बैंक	१	१	१	–	–	–
जम्मा	**१०७**	**१०५**	**१०५**	**११,५२६**	**११,३३२**	**११,३२९**

*यससम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ।

६०. २०८३ साउन मसान्तमा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थामा रहेका निक्षेप खाताहरूको सङ्ख्या ६ करोड ३६ लाख ६६ हजार ४५२ रहेको छ भने कर्जा खाताहरूको सङ्ख्या २० लाख ४४ हजार ८२६ रहेको छ (तालिका ७)।

तालिका ७: बैंक तथा वित्तीय संस्थाको निक्षेप तथा कर्जा खाता सङ्ख्या				
बैंक तथा वित्तीय संस्था	निक्षेप खाता सङ्ख्या		कर्जा खाता सङ्ख्या	
	२०८२ साउन मसान्त	२०८३ साउन मसान्त	२०८२ साउन मसान्त	२०८३ साउन मसान्त
वाणिज्य बैंक	५,१६,१५,७५९	५४,६६८,४३६	१६,४३,७९१	१७,१९,३३६
विकास बैंक	७५,४३,०३७	७९,०४,८७५	२,६६,८८४	२,५९,८९७
वित्त कम्पनी	९,९९,६३७	१०,९३,१४१	५८,५७२	६५,५९३
जम्मा	**६,०१,५८,४३३**	**६,३६,६६,४५२**	**१९,६९,२४७**	**२०,४४,८२६**

वित्तीय सबलता सूचक

६१. २०८३ साउन मसान्तको प्रारम्भिक तथ्याङ्कअनुसार बैंक तथा वित्तीय संस्थाको औसत प्राथमिक पुँजी र पुँजीकोषको जोखिम भारित सम्पत्तिसँगको अनुपात क्रमशः ९.८९ प्रतिशत र १२.६८ प्रतिशत रहेको छ। त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरूको खुद तरल सम्पत्ति तथा निक्षेपको अनुपात ३७.५९ प्रतिशत रहेको छ। २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निष्क्रिय कर्जा अनुपात ५.६६ प्रतिशत रहेको थियो।

विद्युतीय कारोबार


६२. २०८३ साउन महिनामा डेबिट कार्ड प्रयोगकर्ताहरूले ९६ लाख ५२ हजार कारोबारमार्फत रु.७१ अर्ब ८ करोड बराबरको कारोबार गरेका छन्। त्यसैगरी, मोबाइल बैंकिङअन्तर्गत ७ करोड ८७ लाख कारोबारमार्फत रु.५८० अर्ब ५६ करोड कारोबार भएको छ। साथै, क्यु-आर कोड भुक्तानीअन्तर्गत ७ करोड २४ लाख कारोबारमार्फत रु.१६४ अर्ब ४३ करोड कारोबार भएको छ।

पुँजी बजार

६३. २०८२ साउन मसान्तमा २७८८.३७ रहेको नेप्से सूचकाङ्क २०८३ साउन मसान्तमा २६४३.८४ कायम भएको छ।

६४. २०८३ साउन मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४५४७ अर्ब ७५ करोड कायम भएको छ। २०८२ साउन मसान्तमा बजार पुँजीकरण रु.४६५६ अर्ब २७ करोड रहेको थियो। २०८२ साउन मसान्तमा बजार पुँजीकरण कुल गार्हस्थ्य उत्पादनको ७५.१० प्रतिशत रहेकोमा २०८३ साउन मसान्तमा ६८.९० प्रतिशत रहेको छ।

चार्ट ७: नेप्से सूचकाङ्क



स्रोत : नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से)

६५. २०८३ साउन मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या ३०५ पुगेको छ। सूचीकृत कम्पनीहरुमध्ये १३३ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने १११ जलविद्युत् कम्पनी, ३१ उत्पादन तथा प्रशोधन उद्योग, ९ होटल, ७ लगानी कम्पनी, ४ व्यापारिक संस्था र १० अन्य समूहका रहेका छन्। २०८२ साउनमा सूचीकृत कम्पनीहरूको संख्या २७४ रहेको थियो।

६६. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ५०.९ प्रतिशत रहेको छ। त्यसैगरी, जलविद्युत् कम्पनीको हिस्सा १८.३ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ८.५ प्रतिशत, लगानी कम्पनीको हिस्सा ६.७ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ४.० प्रतिशत, होटेलको हिस्सा ३.२ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ८.३ प्रतिशत रहेको छ।

६७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८३ साउन मसान्तमा सूचीकृत ९ अर्ब ५९ करोड शेयरको चुक्ता मूल्य रु.९४५ अर्ब ५४ करोड रहेको छ।

६८. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा रु.६ अर्ब ४५ करोड बराबरको साधारण शेयर र रु.४ करोड ५१ लाख बराबरको बोनस शेयर गरी कुल रु.६ अर्ब ९० करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन्।

नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-५७१९६४१
वेबसाइट: www.nrb.org.np
इमेल: govfin@nrb.org.np